# वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

## भाग–२

## शैक्षिक व्यवस्थापन (विद्यालय समायोजन, विद्यालय अनुमति तथा कक्षा थप मापदण्ड निर्धारण, प्रधानान्यापक नियुक्ति तथा दरबन्दी मिलान कार्यान्वयन) निर्देशिका, २०७७

### प्रस्तावना

वीरेन्द्रनगर भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको सवलीकरण तथा सुदृढीकरण मार्फत विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गरी प्रत्येक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्दै प्रत्येक वालवालिकामा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न शिक्षा ऐन २०२८ तथा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणा बमोजिम वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र पूर्व प्राथमिक शिक्षादेखि कक्षा बाहृसम्म  सञ्चालित दुई वा दुईभन्दा बढी सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन गर्न, नयाँ विद्यालय तथा कक्षा थपको मापदण्ड निर्धारण गर्न, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन गर्न र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र वीरेन्द्रनगर नगरपालिका नगर शिक्षा ऐन, २०७४ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगरनगर कार्यपालिकाको मिति २०७७११०१२ को बैठकलेशैक्षिक व्यवस्थापन कार्यविधि २०७७ जारी गरेको छ ।

## परिच्छेद– १ :
# संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस निर्देशिकाको नाम शैक्षिक व्यवस्थापन (विद्यालय समायोजन,विद्यालय अनुमति तथा कक्षा थप मापदण्ड निर्धारण,प्रधानान्यापक नियुक्ति तथा दरबन्दी मिलान कार्यान्वयन) निर्देशिका, २०७७ रहेको छ ।

(ख) यो निर्देशिका वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत गरी दुबै प्रकारका विद्यालयको हकमा लागू हुनेछ ।

(ग) यो निर्देशिका वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) "ऐन" भन्नाले वीरेन्द्रनगर नगर कार्यपालिकाले जारी गरेको शिक्षा ऐन २०७४ लाई वुझाउनेछ । साथै शिक्षा ऐन, २०२८ (संशोधनसहित) समेतलाई वुझाउनेछ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानवश्रोत विकास केन्द्र सम्झनुपर्छ ।

(ग) "दरबन्दी मिलान" भन्नाले विद्यालयमा सञ्चालित कक्षा,तह,विद्यार्थी संख्या र विषयका आधारमा शिक्षकको अनुपात कायम गर्ने कार्यलाई वुझाउँछ । यस कार्यले प्रत्येक विद्यायमा विद्यालयको तह अनुसार योग्य,अनुभवी र नेतृत्वदायी क्षमता भएको प्रधानाध्यापकको व्यवस्थापन गर्ने कार्य समेतलाई वुझाउँछ ।

(घ) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्छ ।

(च) "विद्यालय समायोजन" भन्नाले शिक्षा ऐन २०२८ को दफा १५ र नियमावलीको नियम १२ (क), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने,विद्यालय स्थानान्तरण गर्ने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई सम्झनु पर्छ ।

(छ) "विद्यालय क्षेत्र विकास योजना" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०१६ देखि सन् २०२२ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद-२

# विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी व्यवस्था

३. **विद्यालय समायोजन गर्ने कार्यविधिः**

(क) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय र अर्को विद्यालय वीचको दूरी आधा घण्टा भन्दा कम रहेका, विद्यालयको सेवा क्षेत्रको जनसंख्या १०० घरधुरी भन्दा कम रहेका, आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८) का रूपमा सञ्चालन गर्नका लागि न्यूनतम शिक्षक दरवन्दी, कक्षाकोठा,खेलमैदान हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

(ख) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

(ग) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली, नगर शिक्षा ऐन, २०७४ र यस कार्यविधिको व्यबस्था कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ । विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसंग समन्वय र सहकार्य गर्नेछ ।

(घ) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरीनेछ ।

(ङ) यो निर्देशिका प्रारम्भ हुँनुभन्दा अघि समायोजन भएका प्रारम्भिक बालशिक्षा र विद्यालयहरुलाई यसै कार्यविधि बमोजिम समायोजन भएको मानिने छ ।

४. **विद्यालय समायोजनका आधारहरू** : (१) ऐनको दफा १५ र नियमावलीको नियम १२ (क) को अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाको नगर शिक्षा ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षा समितिले दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउन देहायको आधारमा गर्न सकिने छ ।

(क) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको,

(ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा कम रहेको,

(ग) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या (उपत्यका भित्र) | न्यूनतम विद्यार्थी संख्या (पहाडी क्षेत्र) | कै. |
|---|---|---|---|---|
| १ | बालविकास केन्द | १० | ७ | |
| २ | १-३ | ५१ | २० | |
| ३ | १-५ | ९१ | ३५ | |
| ४ | ६- ८ | ४५ | ३० | |
| ५ | ९-१० | ४० | ४० | |
| ६ | ११-१२ | ५० | ५० | |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक हिसावले विकट स्थानमा रहेका विद्यालयका हकमा रहेका त्यस्तो विद्यालय र दूरी आधा घण्टाभन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या नपुगेमा पनि विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ।

(च) दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँनका लागि सम्वन्धित विद्यालय र वडाको रायमा नगर शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ ।

(छ) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा वा नगरपालिकाको स्वामित्वमा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिला खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि नगर शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठाउनुपर्नेछ ।

(ज) खण्ड (छ) बमोजिम सम्पत्ति दाखेल खारेज भएको ब्यहोराको जानकारी नगरपालिकाले मन्त्रालय र केन्द्र समेतलाई दिनु पर्नेछ ।

(झ) एक भन्दा बढी प्रारम्भिक बालशिक्षा कक्षा सञ्चालन भएका विद्यालयका प्रारम्भिक बालशिक्षा कक्षाको सन्दर्भमा प्रारम्भिक वाल शिक्षा कक्षाको विद्यार्थी संख्याका आधारमा एक भन्दा वढी रहेका कोटा कटौती गरी प्रारम्भिक बालशिक्षा कक्षा नभका विद्यालयहरुमा पुनवितरण गर्न सकिनेछ । साथै प्रारम्भिक वाल शिक्षाको कोटा पुन वितरणवाट समेत सम्वोधन हुन नसकेका र एउटा पनि प्रारम्भिक वाल शिक्षाको कोटा

नभएका विद्यालयहरुको हकमा नगरपालिकावाट कोटा सिर्जना गरेर प्रारम्भिक बालशिक्षाको व्यवस्थापन गरीने छ ।

(ञ) प्रारम्भिक वाल शिक्षाका शिक्षकको विद्यालय समय विहान १० वजेदेखी दिउँसो ४ वजेसम्म हुनेछ । कक्षा सञ्चालन भने विहान १० वजेदेखी २ वजेसम्म मात्र सञ्चालन हुनेछ । कक्षा सञ्चालन समय समाप्त भएदेखी ४ वजेसम्म प्रारम्भिक वाल विकास शिक्षकले वालविकास केन्द्रको व्यवस्थापन (विद्यार्थीको अभिलेख,खेलौना सामग्री,सरसफाइ) मा समय खर्चनु पर्नेछ ।

(ट) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित सम्बन्धित वडा शिक्षा समिति मार्फत माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

(ठ) उपदफा (ञ) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले नियमावलीले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाएमा विद्यालयको सञ्चालक र वडा शिक्षा समितिको राय लिई गाभ्न वा बन्द गर्न सक्नेछ ।

(ड) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा नगरपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन गरेको नपाईएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन वा हटाउन सक्नेछ ।

**५. दरबन्दी मिलान समिति** : (क) यस कार्यविधि बमोजिमको नियम ६ बमोजिमको आधारमा दरबन्दी मिलान गर्नका लागि देहायको दरबन्दी मिलान सिफारिस समिति रहने छ ।

(१) शाखा अधिकृत, शिक्षा, युवा तथा खेलकूद शाखा : संयोजक

(२) सामाजिक विकास समितिका संयोजकले तोकको सामाजिक विकास समितिको सदस्य : सदस्य

(३) शिक्षक महासंघ, वीरेन्द्रनगर नगरपालिकाका अध्यक्ष र सचिब गरी २ जना : सदस्य

(४) अधिकृत/सहायक, शिक्षा, युवा तथा खेलकूद शाखा : सदस्य सचिव

(ख) समितिले बैठकमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्ने छ ।

(ग) समितिले दरबन्दी मिलानको स्पष्ट खाका तयार गरी प्रत्येक शैक्षिक सत्रको चैत्र १५ गतेभित्र शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख समक्ष पेश गर्नुपर्ने छ ।

(घ) शाखा प्रमुखले समितिबाट प्राप्त दरबन्दी मिलानको प्रतिवेदन र सो सम्बन्धी कार्यलाई अन्तिम रुप दिइ नगर शिक्षा समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने छ ।

**६. दरबन्दी मिलानका आधारहरु**

(क) नगर शिक्षा समितिले प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम रुपमा प्रतिकक्षा एक जना शिक्षक, कक्षा ६ देखी माथिका कक्षाहरुमा विषयगत रुपमा शिक्षा ऐन २०२८ र नियमावली २०५९ ले निर्धारण गरे अनुसारको शिक्षक दरवन्दी

(ख) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु अवलम्वन गरीनेछ ।

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभेर

(२) शिक्षक विद्यार्थी अनुपात तपसीलको भन्दा कम भएमा,

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १-३ | ३ प्रारम्भिक बालशिक्षा बाहेक | |
| २ | १-५ | ५ प्रारम्भिक बालशिक्षा बाहेक | |
| ३ | ६- ८ | ३ भाषा, गणित/विज्ञान र सामाजिक | |
| ४ | ९-१० | ३ भाषा, गणित/विज्ञान र सामाजिक | |
| ५ | ११-१२ | २ नेपाली र अंग्रेजी | |

(३) यस निर्देशिकामा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्याभन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम भएमा तहगत वा विषयगत रुपमा कनिष्टताका (नियुक्ति) आधारमा नजिकको उही वडाको विद्यालय वा नजिकको वडाको विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरीनेछ ।

| क्र.सं. | कक्षा | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|
| १ | १-३ | १:२५ | |
| २ | १-५ | १:३० | |
| ३ | ६- ८ | १:३५ | |
| ४ | ९-१० | १:३५ | |
| ५ | ११-१२ | १ :३५ | |

(४) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिनेछ ।

(५) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा शिक्षक स्वं मञ्जुर भइ जान चाहेमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरीनेछ ।

७. प्रधानाध्यापकको व्यवस्थापन : नगरपालिका अन्तर्गतका विद्यालयहरुमा सक्षम र नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि प्रधानाध्यापकको व्यवस्थापन देहाय बमोजिम गरीने छ ।

क) आधारभूत र माध्यमिक विद्यालयहरुमा सम्बन्धित तहमा स्थायी, सक्षम र नेतृत्व कुशल शिक्षकहरुमध्येबाट जेष्ठता, वरिष्ठता र योग्यतालाई मुख्य आधार मानी कार्य सम्पादन नतिजा सहितको कार्य सम्पादन करार गरी प्रधानाध्यापकको व्यवस्थापन गरिनेछ ।

ख) माध्यमिक तहको हकमा नगरपालिकाभित्रमा कार्यरत माध्यमिक तहका स्थायी शिक्षकहरुलाईनगरपालिका अन्तर्गतका पायक पर्ने माध्यमिक विद्यालयमा निश्चित समयका लागि साविककै विद्यालयमा दरबन्दी रहने गरी काजका रुपमा प्रधानाध्यापक बनाई व्यवस्थापन गरीने कार्यलाई प्राथमिकता दिइनेछ । प्रधानाध्यापकको रुपमा कामकाज गर्नका लागि काजमा पठाइएको उक्तशिक्षकको सट्टामा निज कार्यरत् विद्यालयमा नीजको सुरु स्केल वरावरको तेह्र महिनामा हुन आउने रकम उक्त विद्यालयलाई सट्टा शिक्षक व्यवस्थापनका लागि नगरपालिकावाट एकमुष्ठ अनुदान व्यवस्थापन गरीने छ ।

ग) प्रधानाध्यापक नियुक्तिका कम्तिमा विद्यालय विकास प्रस्तावना सहित ७ दिनको सार्वजनिक सूचना आव्हान गरीनेछ । प्रधानाध्यापक छनोटका लागि अनुसूची १ मा उल्लिखित आधारहरु अवलम्वन गरीनेछ र नगर शिक्षा समितिको निर्णयका आधारमा प्रधानाध्यापकको नियुक्ति गरिनेछ ।

घ) प्रधानाध्यापकको रुपमा विद्यालयको नेतृत्व लिइ विद्यालयको शैक्षिक सुधार,विकास र प्रर्वद्धनमा योगदान पुर्‍याउन स्थायी,योग्य र नेतृत्व कौशल भएका शिक्षकहरुलाई विशेष रुपमा प्रोत्साहन गरीनेछ ।

ङ) संस्थागत विद्यालयहरुको हकमा न्यूनतम योग्यता, अध्यापन अनुमतिपत्र र सम्बन्धित तहको शिक्षकको रुपमा प्राप्त गरेको नियुक्तिलाई प्रधानाध्यापकको मुख्य आधार मानी प्रधानाध्यापकको व्यवस्थापन गरिने छ ।

च) यो कार्यविधि प्रारम्भ हुँदाका बखत नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यरतप्रधानाध्यापक नगर

शिक्षा ऐन, २०७४ र यो कार्यविधि बमोजिमको भएमा पुनःव्यवस्थापन गरीनेछैन ।

**८. विद्यालयको स्तरवृद्धिका लागि हुने समायोजन :**

(१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्नआवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरीनेछः ।

(क) कक्षा १-३ सम्म सञ्चाल नहुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय तहसँगको सहकार्यमा प्रारम्भिक बालविकास केन्दको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउने विकल्प छान्न पाउने छन् ।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले कक्षा १-५ सञ्चालित प्रा.वि.का रूपमा सञ्चालन हुन पाउनेछन् ।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभूत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन्

(ङ) कक्षा ११- १२ सम्म अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

**९. समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरण :**

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना भई सञ्चालन हुने भएमा गाभिएको विद्यालयको नाम वा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने गरी नयां नाम राख्न सकिनेछ । तर शिक्षा नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति,स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ ।

(ख) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले नगर शिक्षा समितिकोसिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सक्ने छ ।

(ग) समायोजन भै सञ्चालनमा नरहेका विद्यालयभएको स्थानमा भविष्यमा

पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय सञ्चालन गर्न पर्ने आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिले अनुमति दिन सक्नेछ ।

## परिच्छेद-३

## भौतिक, शैक्षिक व्यबस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**१०. विद्यालय समायोजन पछिको भौतिक व्यबस्थापन :**

(क) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(ख) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने भइ पुराना भएका शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता मालसामानको न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि सम्बन्धित वडामा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

(ग) अनुमति वा स्वीकृति रद्द गरिएकोवा बन्द गरिएकोविद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ ।

**११. प्राथमिकता दिइने :**

(क) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइ अनुदान सहयोग गरीनेछ ।

(ख) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकताक्रममा राखी उपलब्ध गराउनुपर्नेछ ।

**१२. विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यबस्थापन :**

क) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइए पछि विद्यालयमा आवश्यक्ताभन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभएसम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

(ख) कुनै सामुदायिक विद्यालय अन्य कुनै सामुदायिक विद्यालयसँग समायोजन भएको समुदायको कम्तिमा आधा घण्टाको क्षेत्रभित्र नयाँ संस्थागत विद्यालय स्थापना गरिने छैन ।

(ग) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा गाभिएका विद्यालयको शिक्षक दरवन्दी नजिकैको पायक पर्ने विद्यालयहरूमा

आवश्यकता र यस कार्यविधिले तोकेको आधारमा नगर शिक्षा समितिको निर्णयानुसार पदस्थापना गरीनेछ ।

**१३. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यबस्थापन :**

क) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ । समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गरी सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ । सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका वा अवकाश भएका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वत :खारेज हुनेछ ।

ख) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको प्रारम्भिक बालशिक्षामा कार्यरत सहजकर्तालाई प्रारम्भिक बालशिक्षा कोटा नभएको विद्यालयमा समायोजन गरिने छ ।

## परिच्छेद-४
## विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको काम

**१४. विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(क) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवाक्षेत्र भित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**१५. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार :**

(क) विद्यार्थी संख्याको अनुपातमा विद्यालयमा शिक्षक व्यवस्थापन गर्न र आफ्नो वडा क्षेत्रभित्रका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामूलक पहुँच पुर्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(ख) आफ्नो वडाभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्न वा तह वा कक्षा थप गर्न तथा घटाउन नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**१६. नगर शिक्षा समितिको काम,कर्तव्य र अधिकार :**

(क) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका भित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक,छलफल र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(ख) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा समितिसँग आवश्यकतानुसार परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐनले दिएको अधिकार प्रयोग गरी तथा यस कार्यविधिमा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान गर्ने ।

(घ) नगर शिक्षा ऐन, २०७४ र यस कार्यविधि बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकको व्यवस्थापन गर्ने ।

## परिच्छेद-५
## नयाा पूर्व प्राथमिक कक्षा,विद्यालय अनुमति, तह अनुमति तथा कक्षा थप सम्वन्धी व्यवस्था

१७. नयाँ सामुदायिक तथा संस्थागत पूर्व प्राथमिक विद्यालय, विद्यालय अनुमती,तह थप अनुमती तथा कक्षा थप अनुमतिका लागि देहाय अनुसारका मापदण्डहरु पूरा गर्नु पर्नेछ ।

(क) एउटा पूर्व प्राथमिक विद्यालय र अर्को पूर्व प्राथमिक विद्यालय वीचको दूरी कम्तिमा ५०० मिटर भित्र पर्ने गरी अनुमति दिइनेछैन ।

(ख) एक विद्यालय र अर्को विद्यालय वीचको दूरी कम्तिमा पैदल आधा घण्टाको फरकमा हुनु पर्ने ।

(ग) विद्यालय अनुमति तथा कक्षा थपका लागि संस्थागत र सामुदायिक विद्यालयमा अनुसूची २ अनुसारको शैक्षिक पूर्वाधार हुनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

**१८. शिक्षकको शिक्षण घण्टा निर्धारण** : शिक्षकले प्रति दिन कम्तिमा ४ र वढीमा ६ घण्टी शिक्षण गर्नुपर्नेछ । शिक्षक दरवन्दी अपर्याप्त भएका र प्र.अ.का हकमा भने यो व्यवस्था वाध्यकारी हुनेछैन ।

**१९. कार्यविधिमा संशोधन** : नगरकार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

**२०. संशोधन तथा खारेजी** : यस निर्देशिकाको व्यबस्था ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा ऐन बमोजिम भएको हुनेछ ।

२१. यस कार्यविधिमा भएका व्यबस्थाको ब्याख्या नगरपालिकाको कार्यपालिकाबाट हुनेछ ।

अनुसूची- १

**दफा ७ को उपदफा घ सँग सम्बन्धित**

| क्र.सं. | मपदण्ड | अंक | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | २० अंक | |
| १.१ | न्यूतम् योग्यताका लागि | १५ | |
| १.२ | माथिल्लो योग्यताका लागि | ५ | |
| २ | शैक्षिक अनुभवका लागि | २० अंक | |
| ३ | शैक्षिक तालिमका लागि | १० अक | |
| ४ | व्यवस्थापन तालिम | ५ अंक | |
| ५ | नेतृत्व क्षमता | १५ अक | |
| ५.१. | वि.व्य.स अध्यक्षवाट मूल्यांकन | ५ अंक | |
| ५.२. | शिक्षा शाखा प्रमुखवाट मूल्यांकन | ५ अंक | |
| ५.३. | विज्ञवाट मूल्यांकन | ५ अंक | |
| ६ | अध्ययन गरेको विषयको प्राप्त नतिजा | १० अंक | |
| ७ | विद्यालय विकास प्रस्ताव | १५ अंक | |
| ७.१. | प्रस्तावनको मूल्यांकन | ७ अंक | |
| ७.२. | प्रस्तावनाको प्रस्तुती | ८ अंक | |
| ८ | सूचना तथा संचार | ५ अंक | |

अनुसूची-२

**दफा १७ को उपदफा ग सँग सम्बन्धित**

| प्रयोजन | मापदण्ड | पूर्व प्राथमिक | आधारभूत तह | माद्यमिक तह |
|---|---|---|---|---|
| विद्यालय अनुमति | विद्यार्थी | १५ जना | ३० जना | मा.वि. तहको मात्र अनुमति नहुने |
| तह थप | विद्यार्थी | | १५ जना | २० जना |
| कक्षा थप | विद्यार्थी | १० जना | १० जना | १५ जना |
| विद्यालय अनुमति | शिक्षक | कम्तिमा २ जना | कक्षा १-५ सम्म प्रतिकक्षा १ जनाका दरले ६-८मा विषयगत हिसावले गणित, विज्ञान, अंग्रेजी, नेपाली, सामाजिक विषयको १।१ जनाका दरले कम्तिमा क्रमश: ५।५ जना | ९-१२ मा विषयगत हिसावले गणित, विज्ञान, अंग्रेजी, नेपाली,सामाजिक, ऐच्छिक प्रथम र ऐच्छिक द्धितीय विषयको १।१ जनाका दरले कम्तिमा क्रमश: ७ जना |
| विद्यालय अनुमति | कक्षा कोठा (दुवै तिरवाट हावा र प्रकाश छिर्ने) | ९ फिट उचाइ र २० व.मि.का कम्तिमा ४ वटा | ९ फिट उचाइ र ३० व.मि.का प्रति कक्षा १।१ वटाका दरले हुने आउने कोठा सहित अतिरिक्त कम्तिमा ३ वटा कोठा | ९ फिट उचाइ र ४० व.मि.का प्रति कक्षा १।१ वटाका दरले हुने आउने कोठा सहित अतिरिक्त कम्तिमा ५ वटा कोठा थप |
| विद्यालय अनुमति | पुस्तकालय | कम्तिमा २०० वाल कथा,गीत लगायतका पुस्तक भएको | कम्तिमा १००० उपयोगी पुस्तक भएको | कम्तिमा १५०० उपयोगी पुस्तक भएको |
| विद्यालय अनुमति | प्रयोगशाला | सामान्य | न्यूनतम् जीव,रसायन र भौतिक विज्ञानका सामग्री भएको प्रयोगशाला भएको | जीव,रसायन र भौतिक विज्ञानका सामग्री भएको छुट्टाछुट्टै ३ वटा प्रयोगशाला भएको |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय अनुमति | कम्प्युटर ल्याव | सामान्य | कम्तिमा १० वटा डेस्कटप भएको कम्प्युटर ल्याव | कम्तिमा २० वटा डेस्कटपसँगै प्रिन्टर,स्याकन भएको कम्प्युटर ल्याव |
| विद्यालय अनुमति | शैचालय | सामान्य र सफा शौचालय भएको | प्रति ५० जना विद्यार्थी वरावर १।१ वटाका दरले छात्राछात्राका लागि छुट्टाछुट्टै वास सुविधा सहितको शौचालय भएको | प्रति ५० जना विद्यार्थी वरावर १।१ वटाका दरले छात्राछात्राका लागि छुट्टाछुट्टै वास सुविधा सहितको शौचालय भएको |
| विद्यालय अनुमति | पिउनेपानी | फिल्टर गरी युरोगाड सहितको पिउने पानीको प्रवन्ध | कम्तिमा २ हजार लिटरको ट्यांकीमा फिल्टर गरी युरोगाड सहितको पिउने पानीको प्रवन्ध | कम्तिमा ५ हजार लिटरको ट्यांकीमा फिल्टर गरी युरोगाड सहितको पिउने पानीको प्रवन्ध |
| विद्यालय अनुमति | घेरावार | सुरक्षित घेरावार भएको | सुरक्षित घेरावार भएको | सुरक्षित घेरावार भएको |
| विद्यालय अनुमति | किशोरी कक्ष | | कम्तिमा एउटा सुरक्षित र आवश्यक सामग्री भएको किशोरी कक्ष | प्रति २०० जना छात्राका लागि कम्तिमा एउटा सुरक्षित र आवश्यक सामग्री भएको किशोरी कक्ष |
| विद्यालय अनुमति | खेलमैदान | कम्तिमा १ कठ्ठा जमिनमा आवश्यक खेल सामग्री भएको खेलमैदान | कम्तिमा ३ कठ्ठा जमिनमा आवश्यक खेल सामग्री भएको खेलमैदान | कम्तिमा ५ कठ्ठा जमिनमा आवश्यक खेल सामग्री भएको खेलमैदान |

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

खण्ड ३, संख्या १०, मिति २०७७।१०।०४, मूल्य रु. : १०।-